**न्यु ह्याम्प्शायर (NH) मा तपाईं ६० महिना भन्दा नबढाईकन विपन्न परिवारको निम्ति आर्थिक सहायता (FANF) पाउन सक्नुहुनेछ। भविष्यमा त ६० महिना निकै टाढा लाग्न सक्छ, तर होइन। तपाईं अहिले नै तयार हुनुपर्छ र तपाईंको सीमा सकिनु अघि नै परिवारलाई सहारा दिन आफ्नो शक्ति स्थिर र दीर्घकालीन रोजगारी पाउनमा केन्द्रित गर्नुपर्दछ। यस प्याम्फ्लेटमा FANF को ६०-महिने जीवनकालीन सीमा र उक्त सीमा समाप्ति अगावै तपाईंले के गर्नुपर्दछ भन्ने बारेमा चर्चा गरिएको छ।**

## जीवनकालीन सीमाले कसरी काम गर्दछ?

न्यु ह्याम्प्शायरमा ६० महिने सीमातर्फको गणना अक्टोवर १, १९९६ मा शुरु भयो। तपाईंले यदि ह्याम्प्शायरमा FANF को कुनै श्रेणी अन्तर्गत वा अन्य राज्यमा विपन्न परिवारको निम्ति अस्थायी सहायता (TANF) बाट नगद पाउनु भएको भए, निर्धारित ६० महिनामा अक्टोवर १९९६ लाई पहिलो महिनाको रुपमा गन्ती गरिन्थ्यो।

अक्टोबर १९९६ भन्दा पहिले जति महिना पाएको भए पनि उक्त नगदलाई ६० महिने सीमामा गन्ती नगर्नुहोस्। यदि तपाईं FANF पाउने बालबालिकाहरुको स्याहार-सुसार गरिराख्नु भएको (प्राकृतिक अभिभावक नभई) एउटा 'स्याहार गर्ने नातेदार' मात्रै हुनुहुन्छ, तर आफैंले चाहिँ FANF पाउनुहुँदैन भने, कुनै महिना पनि गन्ती हुँदैनन्। तपाईंले बाल्यावस्थामा पाएको कुनै पनि महिनाको FANF गन्ती हुँदैन । वयस्कको रुपमा तपाईंले NH FANF प्राप्त गरेको महिनालाई मात्रै सीमातर्फ गन्ती गर्नुहोस्।

## राष्ट्रिय गणना

संघीय कानूनले TANF को नगदी सहायता पाउनको लागि प्रत्येक राज्यले ती राज्यहरुमा अधिकतम सीमा तोक्नुपर्ने व्यवस्था गरेको थियो। NH ले सहायता प्राप्त गर्ने अधिकतम सीमा ६० महिना छनोट गऱ्यो ।

यसको अर्थ, तपाईंले न्यु ह्याम्प्शायर रोजगार कार्यक्रम (NHEP) वा पारिवारिक सहायता कार्यक्रम (FAP) को नगदी सहायता पाएको सन् १०-०१-१९९६ पछिको प्रत्येक महिना, ६० महिने जीवनकालीन सीमातर्फ गणना हुन्छ। यदि तपाईं अर्को राज्यमा बसाइसराइ गर्नुभयो भने न्यु ह्याम्प्शायरमा तपाईंले NHEP वा FAP नगद सहायता पाउनुभएको महिना तपाईंको नयाँ राज्यमा प्उने जीवनकालीन सीमामा गणना हुन्छ ।

**महत्वपूर्ण:** अन्य राज्यमा फरकखालका जीवनकालीन सीमाहरु, जीवनकालीन सीमामा फरक छुटहरु, र फरक योग्यताका मापदण्डहरु हुनसक्छन्, जुन नगदी सहायताको निम्ति पूरा गर्नुपर्दछ।

## राज्य स्तरीय गणना

NH ले अन्तरिम अपाङ्ग अभिभावक (IDP), बढी उमेरका बालबालिका सहितका परिवार (FWOC), र बेरोजगार अभिभावक (UP) सहायताका श्रेणीहरु मार्फत पनि नगदी सहायता प्रदान गर्दछ। NH मा यस्ता नगदी सहायता पाउनको लागि दिन सकिने अधिकतम सीमा पनि ६० महिना नै हो। NH मा १०-०१-१९९६ पछि नगदी सहायता पाएको प्रत्येक महिना ६०-महिने जिवनकालीन सीमामा गन्ती हुन्छ। तर अर्को राज्यमा सर्नुभएमा IDP, FWOC, र UP जस्ता कार्यक्रमहरुबाट पाएको सहायता जिवनकालीन सीमामा गन्ती हुने छैन।

**कार्यक्रमका मापदण्डहरु पालना नगरेवापत वा निश्चित कार्यक्रमका मापदण्डमा छुट पाएवापत थोरै अनुदान पाउँदैमा गन्ती हुनबाट रोकिँदैन। तपाईंले FANF को नगदी सहायता पाएका सबै महिनाहरु NH को ६०-महिने जीवनकालीन सहायतातर्फ गणना हुन्छन्।**

## जीवनकालीन सीमामा हुने विस्तारहरु

NH मा तपाईं ६०-महिने जीवनकालीन सीमामा पुग्नु भएपछि, तपाईंको नगदी सहायता समाप्त हुनेछ। 'कष्टकर' जीवन भोगिरहेका केही NH का परिवारहरुले ६० महिनाभन्दा लामो अवधिको लागि माग गर्न सक्नेछन्। निम्न अवस्थामा विस्तारित सहायताको निम्ति तपाईं योग्य हुनुहुन्छ:

- तपाईंले NH रोजगरी कार्यक्रम (NHEP) का सम्पूर्ण मापदण्डहरु पालना गरिरहनु भएकोछ;
- तपाईंले उपयुक्त शिशु स्याहार पाउन असफल हुनुभयो;
- तपाईंले आफ्नो कसुरविना नै रोजगार गुमाउनु भएकोछ;
- तपाईंले त्रासदीपूर्ण वा आपत्कालीन परिस्थितिको सामना गरिरहनु भएको छ;
- तपाईं स्वयंको वा परिवारका अन्य सदस्यको अस्वस्थताको कारणले काम गर्न असक्षम हुनुभएको छ;
- तपाईंको अभिलेखीकृत सिकाइसम्बन्ध अपाङ्गता छ;
- तपाईं लागू औषध दुर्व्यसन कार्यक्रममा सहभागी भै रहनु भएको छ वा मानसिक उपचार सेवा लिइरहनु भएको छ, जसले गर्दा तपाईं NHEP का कुनै पनि क्रियाकलापहरुमा सहभागी हुनबाट बञ्चित भैरहनुभएकोछ;
- तपाईंको परिवारमा कसैले घरेलु हिंसाको सामना गरिरहेको छ वा थियो।




अधिकांश विस्तारित सहायताहरु ६ महिनासम्म रहन्छन्। तर, FAP पाइरहेका परिवारहरुको निम्ति FAP को निम्ति योग्य रहुन्जेल सम्मको लागि विस्तार गर्न सकिन्छ। तपाईंले एक पटकमा एकचोटि मात्र विस्तारित सहायता पाउनुहुनेछ। यदि तपाईंलाई कष्टकर जीवनका कुनै मापदण्डहरु भित्र परिरहेको छ जस्तो लाग्छ भने अतिरिक्त विस्तारको निम्ति पनि माग गर्न सक्नुहुनेछ। कष्टकर श्रेणी अन्तर्गत सहायता विस्तारको निम्ति स्वीकृत नभएमा वा विस्तारको लागि माग नगर्नु भएमा ६० महिना पछि FANF समाप्त हुनेछ। तर कष्टकर जीवनको कुनै एउटा मात्र मापदण्ड भित्र पर्छु जस्तो तपाईंलाई लागेमा, ६० वा बढी महिनासम्मको सहायता पाइसकेको भए तापनि कुनै पनि बखतमा तपाईंले नगदी सहायताको लागि पून:निवेदन दिन र एक पटक विस्तारको माग गर्न सक्नुहुनेछ।

## ध्यान दिनुपर्ने महत्वपूर्ण पक्षहरु

६० महिने जीवनकालीन सीमा उपलब्ध भएकोले, हाल नै FANF पाउन चाहनुहुन्छ या थप नगद चाहिने बेलाको निम्ति समय बचत गर्नुहुन्छ; तपाईंले निर्णय गर्नुपर्दछ। उदाहरणको लागि तपाईंको नगद अनुदान न्यून छ भने वा कसैले तपाईंलाई सहयोग गर्न सक्छ भने तपाईंले अहिले नगद अनुदान नलिने निर्णय गर्न सक्नुहुन्छ ।

यदि तपाईंको नगदी सहायताको मुद्दा बन्द गराउन चाहनुहुन्छ भने स्मरण गर्नुहोस्:

- तपाईंको सन्दर्भमा आयस्रोत वा अन्य चिजहरु परिवर्तन नभएसम्म तपाईंको परिवार चिकित्सा सहायताको निम्ति अझै योग्य हुनेछ; र
- तपाईं खाद्य राहतको निम्ति अझै योग्य हुनुहुनेछ एवं न्युन कुल आय हुनाले खाद्य राहत को लाभ वास्तवमा थप हुनसक्छ।

तपाईंले आफैंलाई सोध्न चाहने अन्य प्रश्नहरू हुन्:

- भविष्यमा मेरो परिवारलाई सहायता चाहिन सक्ने सम्भावना कति छ?

**कृपया हेक्का राख्नुहोस्:** NH मा तपाईंले कुनैपनि श्रेणी अन्तर्गत FANF पाउनु भए पनि पाएको *प्रत्येक महिना* तपाईंको ६०-महिने **जीवनकालीन** सीमातर्फ गन्ती हुन्छ! तपाईं केही FANF कार्यक्रमका मापदण्डहरुमा छुट पाए तापनि, वा कार्यक्रमका मापदण्डहरूको पालना नगर्नाले थोरै अनुदान पाए तापनि, FANF **मा रहेको** प्रत्येक महिना गन्ती हुन्छ।

- मैले कति महिनाको सहायता पाइसकेको छु र थप कति महिना चाहिन्छ?
- अहिल्यै सहायता लिँदा मलाई बढी फाइदामा हुन्छ कि भविष्यको महिनाका निम्ति संचित गर्दा?
- भविष्यमा प्राप्त नहुन सक्ने अन्य सहायता मैले अहिले नै पाउन सक्छु कि?
- मैले अहिले नै अनुदान लिँदा मलाई आवश्यक पर्ने सहायता प्राप्त होला जसले गर्दा मेरो परिवारलाई भविष्यमा सहायता आवश्यक नपरोस्।

## ६०-महिने जीवनकालीन सीमा र NHEP

यदि तपाईंलाई NHEP रोजगार कार्यक्रममा सहभागी हुन भनिएको छ भने तपाईंबाट सहभागी बन्ने अपेक्षा राखिएको हुन्छ। यसको अर्थ ६०-महिने जीवनकालीन सीमाको लागि आवेदन दिँदा र सहायता विस्तारित गराउँदा आफ्नो NHEP समूहसँग काम गर्नुपर्दछ र NHEP रोजगार कार्यक्रमका सम्पूर्ण अपेक्षाहरुको पालना गर्नुपर्दछ।

NHEP रोजगार कार्यक्रमसँग काम गर्न भनिएको छ र तपाईंले गर्नुभएना भने तपाईंको विस्तारित सहायता समाप्त हुने छ। तपाईंलाई 'स्वीकृति' दिइने छैन। तपाईंको नगदी सुविधाले तपाईंको सम्पूर्ण परिवारको निम्ति रोक्नेछ। तपाईंसँग NHEP सँग काम नगर्नुको पछाडि कुनै असल ध्येयको कारण नभएमा यस्तो हुनेछ। **तपाईंले कष्टकर वर्गको सहायता विस्तार कहिल्यै पाउनुहुने छैन, यदि:**

- विस्तारित सहायता पाइरहँदा NHEP रोजगार कार्यक्रमको पालना नगरेकोले तपाईंको सहायता विस्तारलाई २ पटकसम्म खोसिएको छ; र
- तपाईंले पालना नगर्नुको कुनै चित्त बुझ्दो कारण दिनु भएन।

तपाईंलाई काम खोज्न र तयारी गर्नमा मद्दत गर्न NHEP टोली उपलब्ध छ। मद्दतको लागि उनीहरुलाई सम्पर्क राख्न नहिच्किचाउनु होला। उनीहरु तपाईंको रोजगारदाता, शिशु स्याहार सम्बन्धी समस्याहरु, जस्ता क्षेत्रमा व्यवहार मिलाउन र रोजगारी पाउने वा प्रति घण्टा ज्यालादरमा वृद्धि गर्ने उपायहरु औंल्याउन मद्दत गर्न सक्छन्। जति चाँडो रोजगारीको लागि तयारी गर्न र काम गर्न थाल्नुभयो, प्रतिघण्टा ज्यालादर वृद्धि गर्ने समय त्यतिनै बढी हुनेछ। अनि त तपाईंलाई भविष्यमा नगदी सहायता आवश्यक हुँनेछैन।

## Department of Health and Human Services Offices

## स्वास्थ्य तथा मानव सेवाहरुको विभागका कार्यालयहरु

**BERLIN**
650 Main Street, Ste. 200
Berlin, NH 03570-2496
752-7800 or
800-972-6111
**Fax:** 752-3208

**LITTLETON**
80 North Littleton Road
Littleton, NH 03561-3841
444-6786 or
800-552-8959
**Fax:** 444-0348

**CLAREMONT**
17 Water Street Ste. 301
Claremont, NH 03743-2280
542-9544 or
800-982-1001
**Fax:** 542-2367

**MANCHESTER**
195 McGregor St Ste. 110
Manchester, NH 03102-3762
668-2330 or
800-852-7493
**Fax:** 668-5442

**CONCORD**
40 Terrill Park Drive
Concord, NH 03301-9955
271-6201
800-322-9191
**Fax:** 271-6451

**SOUTHERN**
3 Pine St Extension, Ste. Q
Nashua, NH 03060-3213
883-7726 or
800-852-0632
**Fax:** 883-2064

**CONWAY**
73 Hobbs Street
Conway, NH 03818-6188
447-3841 or
800-552-4628
**Fax:** 447-1988

**SEACOAST**
50 International Drive
Portsmouth, NH 03801-2862
433-8300
800-821-0326
**Fax:** 431-0731

**KEENE**
111 Key Road
Keene, NH 03431
357-3510 or
800-624-9700
**Fax:** 352-2598

**ROCHESTER**
150 Wakefield St, Ste. 22
Rochester, NH 03867-1309
332-9120 or
800-862-5300
**Fax:** 335-5993

**LACONIA**
65 Beacon Street West
Laconia, NH 03246-9988
524-4485 or
800-322-2121
**Fax:** 528-4105

**TDD Access: Relay NH 1-800-735-2964**

**or 7-1-1**

DFA Form 242
10/10 Rev 07/11 Rev 4/14
DFA SR 10-18

# विपन्न परिवारको लागि आर्थिक सहायता (**FANF**) मा ६०-महिने जीवनकालीन सीमा

# तपाईंले थाहा पाइराख्नुपर्ने कुराहरू

NH Department of Health and Human Services
Division of Family Assistance
State Office Park South
129 Pleasant Street, Brown Bldg
Concord, NH 03301-3857

www.dhhs.nh.gov/DFA